**आकाशवाणी समाचार- नेपाली**

**मितिः ११ अप्रेल २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- वित्त वर्ष २०२५-२६ मा लगभग ३ करोड ९८ लाख मानिसहरूले वन्दे भारत एक्सप्रेसमा यात्रा गरे जुन गत वर्षको तुलनामा लगभग ३४ प्रतिशतले वृद्धि हो।

- मौरिससको भ्रमणको क्रममा विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले दिगो यातायात प्रवर्द्धन गर्ने र हरित साझेदारी पहलहरूमार्फत द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने भारतको प्रयासमा जोड दिनु भयो।

- आज समाज सुधारक र महान जनसेवक महात्मा ज्योतिबा फुलेको जन्मजयन्तीमा देशले उहाँलाई श्रद्धाञ्जली अर्पण गर्दछ।

- भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आन्ध्र प्रदेशको श्रीहरिकोटामा गगनयान अभियानको लागि दोस्रो सफल एकीकृत वायु-विस्फोट परीक्षण गरेको छ।

- आईपीएल क्रिकेटमा राजस्थान रोयल्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई छ विकेटले पराजित गर्दै लगातार चौथो जित हासिल गऱ्यो।

**<u>रेलवे – वन्दे भारत</u>**

वित्त वर्ष २०२५-२६ मा लगभग ३ करोड ९८ लाख मानिसहरूले वन्दे भारत एक्सप्रेसमा यात्रा गरे। यो अघिल्लो वर्ष रेकर्ड गरिएको २ करोड ९७ लाख यातत्रीको तुलनामा लगभग ३४ प्रतिशतले वृद्धि हो। रेल मन्त्रालयले यो वृद्धिले देशभरका यात्रीहरूमा द्रुत, आरामदायी र आधुनिक रेल यात्राको बढ्दो प्राथमिकतालाई प्रतिबिम्बित गर्ने बताएको छ। मन्त्रालयले भनेको छ, स्थापना भएदेखि वन्दे भारत एक्सप्रेसले १ लाख यात्राहरूमा ९ करोड १० लाखभन्दा बढी यात्रीहरूलाई सेवा दिएको छ। भारतको पहिलो स्वदेशी रूपमा डिजाइन गरिएको र निर्मित सेमी-हाई-स्पीड रेलगाडी वन्दे भारत एक्सप्रेस फरवरी २०१९ मा नयाँ दिल्ली-वाराणसी मार्गमा सुरु गरिएको थियो। नयाँ दिल्ली-वाराणसी मार्ग अहिलेसम्मको सबैभन्दा व्यस्त करिडोर बनेको छ, जसले ७३ लाखभन्दा बढी यात्रीहरूलाई सेवा दिएको छ। लामो दूरीको सम्पर्कलाई थप सुदृढ गर्दै भारतीय रेलवेले जनवरी २०२६ मा वन्दे भारत स्लीपर सेवा सुरु गऱ्यो।

**<u>एस. जयशंकर – मौरिसस</u>**

मौरिससको आफ्नो उच्चस्तरीय भ्रमणको क्रममा विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले प्रधानमन्त्री नवीन रामगुलामलाई ९० वटा विद्युतीय बस हस्तान्तरण गर्नु भयो। उहाँले दिगो यातायात प्रवर्द्धन गर्ने र हरित साझेदारी पहलहरूमार्फत द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने भारतको प्रयासमा जोड दिनु भयो। हिजो एक सामाजिक सञ्जाल पोस्टमा डा. जयशंकरले भन्नु भयो, यी बसहरूले पर्यावरण-मैत्री यातायातप्रति साझा प्रतिबद्धताको प्रतीक हुन् र दुई देशहरूबीचको बढ्दो हरित साझेदारीलाई प्रतिबिम्बित गर्छन्।

डा. जयशंकरले पोर्ट लुइसको जवाहरलाल नेहरू अस्पतालमा मौरिससको पहिलो समर्पित मिर्गौला प्रत्यारोपण एकाइको उद्घाटन गर्नु भयो। यो परियोजनालाई मौरिससको चिकित्सा क्षमता र भारतको लामो समयदेखिको विकास साझेदारीमा कोसेढुङ्गाको रूपमा प्रशंसा गरिँदैछ। उहाँले यसलाई मौरिससका बिरामीहरू र परिवारहरूको लागि परिवर्तनकारी क्षणको रूपमा वर्णन गर्नु भयो, यसलाई चिकित्सा र मानवीय दुवै क्षेत्रमा उपलब्धि भन्नु भएको छ। डा. एस. जयशंकरले पोर्ट लुइसमा आयोजित ९ औं हिन्द महासागर सम्मेलनमा पनि भाग लिनु भयो| हिन्द महासागर क्षेत्रभित्र समुद्री सुरक्षा, क्षेत्रीय स्थिरता र दिगो आर्थिक विकासको बारेमा छलफल गर्न आयोजित एक महत्त्वपूर्ण मञ्च हो।

**जुएल ओराम - एनएसटीएफटीसी**

आदिवासी मामिला मन्त्री जुआल ओरामले देशभरका अनुसूचित जनजाति समुदायलाई सशक्त बनाउन **राष्ट्रीय अनुसूचित जनजाति वित्त एवं विकास निगम**को परिवर्तनकारी भूमिकामाथि प्रकाश पार्नु भयो। नयाँ दिल्लीमा निगमको २५ औं स्थापना दिवस समारोहमा बोल्नु हुँदै श्री ओरामले निगमलाई आदिवासी उद्यमशीलताको लागि उत्प्रेरकको रूपमा वर्णन गर्नु भयो। आफ्नो जनकेन्द्रित दृष्टिकोणलाई जोड दिनु हुँदै उहाँले भन्नु भयो, निगमले कुनै धितोबिना वित्तीय सहायता प्रदान गर्नमा विशेष ध्यान केन्द्रित गरिरहेको छ। यस पहल अन्तर्गत हालसम्म १६ लाखभन्दा बढी लाभार्थीहरूलाई ४ हजार करोडभन्दा बढी ऋण वितरण गरिएको छ।

**ज्योतिबा फुले**

आज समाज सुधारक र महान जनसेवक महात्मा ज्योतिबा फुलेको जन्मजयन्तीमा देशले उहाँलाई श्रद्धाञ्जली अर्पण गर्दछ। १८२७ मा आजकै दिन जन्मनु भएका महात्मा फुलेले आफ्नी श्रीमती सावित्री फुलेसँग मिलेर महिला शिक्षा र सशक्तिकरणको लागि महत्वपूर्ण काम गर्नु भएको थियो। यसबाहेक, उहाँले जाति व्यवस्था र छुवाछुत जस्ता सामाजिक कुरीतिहरूलाई उन्मूलन गर्न प्रयास गर्नुभयो।

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला र अन्य प्रमुख संसद सदस्यहरू र विशिष्ट व्यक्तिहरूले संसद भवन परिसरभित्र रहेको 'प्रेरणा स्थल' मा ज्योतिबा फुलेलाई पुष्पहार अर्पण गर्नु हुनेछन्।

यस अवसरमा देशका विभिन्न भागहरूमा धेरै कार्यक्रमहरू आयोजना गरिएको छ।

**इसरो - गगनयान**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आन्ध्र प्रदेशको श्रीहरिकोटामा गगनयान अभियानको लागि दोस्रो सफल एकीकृत वायु-विस्फोट परीक्षण गरेको छ। मानव अन्तरिक्ष उडानको क्रममा क्रू मोड्युल, अन्तरिक्ष यात्री क्याप्सुलको सुरक्षित फिर्ता सुनिश्चित गर्न यो प्रणाली आवश्यक छ। मोड्युल रिलिज भएपछि, १० प्यारासुटहरू मिलेर बनेको प्रणाली तैनाथ गरिएको थियो, जसले क्याप्सुललाई सुरक्षित स्तरमा विलम्ब गर्न मद्दत गर्‍यो। पहिलो सफल परीक्षण २४ अगस्ट २०२५ मा श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रमा भएको थियो। यस परीक्षणमा, ४.८ टन वजनको डमी क्रू मोड्युललाई चिनूक हेलिकप्टरद्वारा तीन किलोमिटर उचाइबाट खसालिएको थियो। अन्तरिक्ष यानको पृथ्वीमा फिर्ताको अन्तिम चरणको लागि एयरबर्स्ट परीक्षण महत्त्वपूर्ण छ। परीक्षणको क्रममा, विमान वा हेलिकप्टरले निश्चित उचाइबाट अन्तरिक्ष यान छोड्छ।

केन्द्रीय मन्त्री जितेन्द्र सिंहले इसरोलाई सफल परीक्षणको लागि बधाई दिनु भएको छ। भारतको पहिलो मानवयुक्त अन्तरिक्ष अभियान २०२७ मा श्रीहरिकोटाबाट प्रक्षेपण गरिनेछ।

**एडीबी – भारतको वृद्धि**

एशियाई विकास बैंक-एडीबीले चालू वित्त वर्ष २०२६-२७ को लागि भारतको विकास पूर्वानुमान साढे 6 प्रतिशतदेखि बडेर 6 दशमलव 9 प्रतिशत पुर्‍याएको छ। एडीबीको *एसियाली विकास दृष्टिकोण* अनुसार, बलियो घरेलु माग, अनुकूल वित्तपोषण अवस्था र भारतीय सामानहरूमा अमेरिकी भन्सारमा कमीका कारण चालू आर्थिक वर्षमा भारतको वृद्धि बलियो रहने अपेक्षा गरिएको छ। प्रतिवेदनले यस वर्ष र अर्को वर्ष एसिया र प्रशान्त क्षेत्रका अधिकांश अर्थतन्त्रहरूमा वृद्धि मध्यम हुने अपेक्षा

गरिएको उल्लेख गरेको छ। पश्चिम एसियामा युद्ध र निरन्तर व्यापार अनिश्चितताका कारण यस क्षेत्रको आर्थिक वृद्धि दर गत वर्ष ५.४ प्रतिशतबाट घटेर यस वर्ष र अर्को वर्ष ५.१ प्रतिशत हुने अनुमान गरिएको छ।

**विदेशी मुद्रा भंडार**

३ अप्रेलमा समाप्त भएको हप्तामा भारतको विदेशी मुद्रा सञ्चिति ९ अरब डलरभन्दा बढीले बढेर जम्मा छ खरब 97 अरब 12 करोड दस लाख डॉलर डलर पुगेको छ। भारतीय रिजर्भ बैंकका अनुसार अप्रिलको पहिलो हप्तामा देशको विदेशी मुद्रा सञ्चितिमा उल्लेखनीय वृद्धि भएको छ। यो वृद्धि अघिल्लो हप्ता १० अरब डलरभन्दा बढीको उल्लेखनीय गिरावटपछि भएको हो। गत हप्ता, विदेशी मुद्रा भंडार छ खरब 88 अरब डलरभन्दा बढी रहेको थियो।
स्वर्ण भंडारमा सात अरब 21 करोड़ डलरको तीव्र वृद्धि भएको छ, जसले गर्दा सुनको कुल मूल्य १२० अर्ब डलर पुगेको छ। विदेशी मुद्रा सम्पत्ति पनि एक अरब 78 करोड़ चालीस लाख डलरले बढेर पांच खरब 52 अरब डलरको अंक पार गरेको छ।

**अमेरिका-इरान वार्ता**

पश्चिम एसियामा जारी युद्ध अन्त्य गर्ने उद्देश्यले आज इस्लामाबादमा संयुक्त राज्य अमेरिका र इरानबीच वार्ता हुनेछ। अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जे.डी. भान्सले गर्नु हुनेछ। उहाँको साथमा राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफ र सल्लाहकार जेरेड कुशनर पनि हुनेछन्। इरानको प्रतिनिधित्व संसदका अध्यक्ष मोहम्मद बागेर गालिबाफले गर्नु हुनेछ। वार्ताहरू विशेष गरी इरानको परमाणु कार्यक्रम, ब्यालिस्टिक मिसाएल र हर्मुजको जलडमरूममा केन्द्रित हुने अपेक्षा गरिएको छ। सयौं तेल ट्याङ्करहरू हाल हर्मुजको जलडमरूममा अड्किएका छन्। राष्ट्रपति ट्रम्पले दुई हप्ताको युद्धविरामको घोषणा गर्नु भएपछि यी वार्ताहरू भइरहेका छन्। प्रस्तावित युद्धविरामभन्दा बाहिर, इरानले अमेरिकाबाट शत्रुताको स्थायी अन्त्यको लागि ग्यारेन्टी पनि खोजिरहेको छ। इरानको १०-बुँदे प्रस्तावमा हर्मुजको जलडमरूममाथि नियन्त्रण, क्षेत्रीय अड्डाहरूबाट अमेरिकी सेना फिर्ता, युरेनियम संवर्धनको अधिकार र लेबनानमा हिजबुल्लाहमाथि इजरायली आक्रमण रोक्न आह्वान गरिएको छ।

**आईपीएल**

हिजो आईपीएलमा राजस्थान रोयल्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई छ विकेटले पराजित गर्दै लगातार चौथो जित हासिल गर्‍यो। यसैबीच आज पञ्जाब किंग्सले दिउँसो ३:३० बजे सनराइजर्स हैदराबादको सामना गर्नेछ र साँझ ७:३० बजे चेन्नई सुपर किंग्स र दिल्ली क्यापिटल्सबीचको म्याच खेलिनेछ।